मनराशिसवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-८ संख्याः-२३ मितिः २०८१/१२/२२

**भाग-२**

मनराशिसवा नगरपालिका

# मनराशिसवा नगरपालिका शिक्षक दरबन्दी मिलान, सरुवा तथा पदस्थापन कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१/१२/२२ आज्ञाले,

राजेश कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# मनराशिसवा नगरपालिका शिक्षक दरवन्दी मिलान, सरुवा तथा पदस्थापन कार्यविधि, २०८१

(मिति २०८१।१२।२२ गतेको कार्यपालिका बाट स्वीकृत)

## मनराशिसवा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

# मनराशिसवा नगरपालिका शिक्षक दरवन्दी मिलान, सरुवा तथा पदस्थापन कार्यविधि, २०८१

(नगर कार्यपालिकाबाट पारित मितिः २०८१।१२।२२)

**प्रस्तावनाः**

लोकतान्त्रिक व्यवस्था अनुकूल सर्वसधारण जनताको सदाचार, शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस नगरपालिकामा संचालित सवै सामुदायिक विद्यालयहरुको व्यवस्थापन सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षक विकास गर्न वाञ्छनीय भएकोले – मनराशिसवा नगरपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या ८, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड ज(११) मनराशिसवा नगरपालिकाको नगर शिक्षा ऐन २०७९ को दफा २२ र २४ ले दिएको अधिकार प्रयोग गरी मनराशिसवा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८१।१२।२२ गते वसेको बैठकले शिक्षक दरवन्दी मिलान, सरुवा तथा व्यवस्थापन कार्यविधि, २०८१ पारित गरी लागु गरेको छ ।

## परिच्छेद-१

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम शिक्षक दरवन्दी मिलान, सरुवा तथा पदस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(ख) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भए पश्चात मनराशिसवा नगरपालिका भरी लागु हुनेछ ।

**२. .परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) **नगरपालिका** भन्नाले मनराशिसवा नगरपालिका सम्झनु पर्छ ।

(ख) **प्रमुख** भन्नाले मनराशिसवानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग) **उप प्रमुख** भन्नाले मनराशिसवा नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(घ) **कार्यपालिका** भन्नाले मनराशिसवा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतालई सम्झनु पर्छ ।

(च) **नगर शिक्षा समिति** भन्नाले मनराशिसवा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(छ) **ऐन** भन्नाले मनराशिसवा नगरपालिकाको शिक्षा ऐन २०७९ लाई सम्झनु पर्नेछ ।

(ज) **नियमावली** भन्नाले मनराशिसवा नगरपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्छ ।

(झ) **तह** भन्नाले मनराशिसवा नगरपालिकामा रहेका विद्यालयको तह सम्झनु पर्छ ।

(ञ) **सामुदायिक विद्यालय** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारवाट नियमित रुपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ट) **शिक्षा प्रमुख** भन्नाले मनराशिसवा नगरपालिकाको शिक्षा संचालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन वमोजिम तोकिएको कार्य गर्न खटाएको मनराशिसवा नगरपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखाको वरिष्टतम कर्मचारी सम्झनु पर्छ ।

(ठ) **शिक्षक** भन्नाले नेपाल सरकारबाट स्वीकृत दरबन्दी, राहत र अनुदानमा कार्यरत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई सम्झनु पर्छ एवम् सो शब्दले प्रधानाध्यापक र बालविकास शिक्षक समेतलाई जनाउँछ।

(ड) **विद्यालय समायोजन** भन्नाले विद्यालय गाभ्ने, ठाउँ सार्ने, नाम परिवर्तन गर्ने, वन्द गर्ने तह वा कक्षा बढाउने समेतलाई जनाउछ ।

## परिच्छेद-२

### २. विद्यालय, विद्यार्थी र शिक्षक संख्या एकिन गर्नुपर्ने :

(क) शिक्षक सरुवा तथा पदस्थापन गर्नु पुर्व नगरपालिकामा रहेको सामुदायिक विद्यालयको तह, विद्यालयको संख्या, विद्यार्थीको कक्षागत संख्या तथा शिक्षक संख्या एकीन गर्नुपर्ने छ ।

(ख) विद्यार्थी संख्या एकीन गर्दा शैक्षिक सत्रको नयाँ भर्नाबाट प्राप्त अभिलेखलाई आधार मानिने छ ।

(ग) विद्यालय संख्याको एकीन गर्दा समुदायमा विद्यालयको अवस्था, विद्यार्थीको उपलव्धता, नजिकै रहेको अन्य विद्यालयको दुरी सामुदायिक विद्यालयको सुदृढीकरणको आवश्यकता जस्ता विषयलाई मुख्य आधार लिई विद्यालयको तह र संख्यालाई निर्धारण गरिनेछ ।

(घ) शिक्षक संख्या एकिन गर्दा शिक्षा तथा मावन स्रोत विकास केन्द्रले उपलब्ध गराएको दरवन्दी तालिकालाई आधार मानी शिक्षक दरवन्दी (मिलान तथा पदस्थापन) कार्यविधि, २०८१ को दफा ८ बमोजिम दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन गरिनेछ ।

(ङ) दरवन्दी मिलानको क्रममा रहेकोले यस कार्यविधि अनुरुप शिक्षक पदस्थापन गर्दा नगरपालिका भित्र रहेको सबै शिक्षक दरवन्दी (राहत समेत) नगरपालिकाको पुल दरवन्दीमा रहनेछ । शिक्षक दरवन्दी मिलान तथा शिक्षक सरुवा र व्यवस्थापनको कार्य सम्पन्न भई पदस्थापन गरेपछि सम्बन्धित शिक्षकको दरवन्दी तोकिएको विद्यालयमा कायम गरिनेछ ।

(च) विद्यालयमा विद्यार्थी संख्या कम भएमा दरवन्दी कटौती हुने र बढी भएमा अनुपात मूल्यांकन गरी दरवन्दी थप हुने स्वचालित सरुवा प्रणाली लागू गरिनेछ ।

## ३. <u>शिक्षक दरवन्दी मिलान, सरुवा तथा पदस्थापन गर्दा लिईने आधारहरु</u> :

शिक्षक दरवन्दी मिलान, सरुवा तथा पदस्थापन गर्दा देहायको आधारलाई प्राथमिकता दिईनेछः

(१) शिक्षक दरवन्दी मिलान गर्दा आधारभुत तह कक्षा १-५ का लागि शिक्षक विद्यार्थी अनुपात १:५० कायम गरिनेछ । अन्य तहलाई १:६० गरिनेछ । तर विद्यालयको दुरी धेरै टाढा भइ विद्यार्थी जान नसक्ने अवस्थामा भौगोलिक अवस्था अनुसार ५-१० विद्यार्थी संख्या घट वढ हुन सक्नेछ । कार्यरत शिक्षक संख्याको आधारमा आधारभुत तह कक्षा १-३ सम्म प्रति विद्यालय न्यूनतम २ जना,१-५ सम्ममा न्यूनतम ३ जना, ६-८ न्यूनतम ३जना , ९-१० न्यूनतम ४ जना र ११-१२ न्यूनतम २ जना शिक्षकको व्यवस्था गरिनेछ।

(२) शैक्षिक सत्र शुरुको ।EMIS मा अध्यावधिक भएको विद्यार्थी संख्यालाई मुख्य आधार बनाईने छ ।

(३) विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी/अस्थायी/राहत/करार/शिक्षण सिकाई अनुदान कोटा र न.पा. अनुदान समेतमा कार्यरत तहगत शिक्षकको संख्यालाई आधार लिने ।

(४) दरवन्दी मिलान क्रममा बढी हुन आई कटौती हुनु पर्ने दरवन्दीलाई नगर शिक्षा समितिको पुल दरवन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षकको योग्यता, मूल विषय र निजले प्राप्त गरेको अध्यापन अनुमति पत्रका आधारमा निम्न माध्यमिक तहको विद्यालयमा खटाउने र यसरी खटाउँदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिइनेछ । शिक्षकको तोकिएको योग्यता मूल विषय अध्यापन अनुमति पत्र जस्ता व्यक्तिगत विवरण पालिकाको शिक्षा यूवा तथा खेलकुद शाखाको निर्णय अनुसार विद्यालयवाट लिइनेछ ।

(५) शिक्षक खटाउँदा भरसक माथिल्लो शैक्षिक योग्यता भएकालाई माथिल्लो तहमा अध्यापन गराउने गरी शिक्षक कमी भएका विद्यालयहरुमा पठन पाठन व्यवस्था मिलाउने ।

(६) सम्बन्धित तहको दरवन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकवाट कक्षा संचालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभावलाई सम्बोधन गर्दै लैजाने ।

(७) दरवन्दी मिलान गर्दा सकेसम्म विषयगत समस्या न्यून हुने गरी मिलान गर्ने ।

(८) दरवन्दी मिलानका क्रममा विद्यार्थी संख्या कम भइ शिक्षक संख्या कटौतीमा परेका दरवन्दी विद्यार्थी संख्या वढी भएका विद्यालयमा मिलान गर्न सक्ने ।

(९) हाल सम्म तहगत र विषयगत दरवन्दी प्राप्त नभएका विद्यालयलाई सम्बोधन गर्ने गरी मिलान गर्ने ।

(१०) दरवन्दी मिलान कार्य भनेको शैक्षिक जनशक्तिको संख्यात्मक र विषयगत मिलान समेत भएकाले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा उल्लेखित तहगत र विषयगत मिलानमा प्रभाव पर्ने गरी विषय परिवर्तन नगर्ने ।

(११) कुनै पनि विद्यालयमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमालवी २०५९ मा व्यवस्था भए बमोजिम शिक्षामा उल्लेखित तहगत र विषयगत दरवन्दीमा एउटै विषयका शिक्षक बढी हुन आएमा विषयगत मिलान हुने गरी पदपुर्ति गर्ने ।

(१२) दरवन्दी मिलान गर्दा विद्यालयमा आधारभुत तह (१-८) र मा.वि. कक्षा (९-१२) संचालन भएको विद्यालयमा तोकिएको न्यूनतम दरवन्दी नभएको अवस्थामा सम्भव भएसम्म प्राथमिक तहको पुल दरवन्दीबाट सम्बोधन गर्दे जाने ।

(१३) शिक्षा, यूवा तथा खेलकुद शाखाले शिक्षकहरुको सूचि तयार गर्नेछ । यसरी तयार गरेको सुची र विद्यालयको आवश्यकता, विद्यार्थी संख्याको आधारमा शिक्षकको सरुवा तथा व्यवस्थापनको कार्य गरिनेछ ।

(१४) शिक्षक सरुवा तथा पदस्थापन गर्दा नगरपालिकामा कायम हुन आएको तल्लो तहमा गणना हुने प्राथमिक तहको पुल दरवन्दीमा कार्यरत शिक्षकहरुलाई माथिल्लो तहमा अध्यापन गराउने गरी खटाईने छ ।

(१५) अपांगता भएका शिक्षकको हकमा अपांगताको वर्गीकरण अनुसार (क) र (ख) श्रेणीका अपांगता भएका शिक्षकहरुलाई सम्भव भएसम्म निजको घर पायक पर्ने गरी व्यवस्थापन गर्न सकिनेछ ।

(१६) प्रति विद्यालयमा कम्तिमा १५ जना बालबालिका बालविकास कक्षामा भएमा १ जना बाल विकास शिक्षक अनिवार्य हुने व्यवस्था मिलाइनेछ । हाल संचालनमा रहेका बालविकास केन्द्रमा कम्तिमा १५ जना बालबालिका हुनुपर्नेछ यदी सो भन्दा कम बालबालिका संख्या भएमा निजको दरवन्दी पुलमा राखि अन्यत्र खटाउन सकिनेछ साथै निजको योग्यताको आधारमा आधारभुत तह (१-५) मा खटाउने व्यवस्था गरिनेछ ।

(१७) विद्यालय शिक्षा एवम् शैक्षिक गुणस्तर सुधारका लागि आवश्यकता अनुसार नगर शिक्षा समितिका निर्णय अनुसार पालिका भित्र सरुवा गर्न सक्नेछ । यसरी शिक्षक सरुवा गर्दा आवश्यकता अनुसार प्रत्येक शैक्षिक सत्रको शुरुमा शुरुवात गर्न सकिनेछ ।

(१८) सार्वजनिक विद्यालयको कक्षा ११ मा कम्तिमा १५ जना भन्दा कम विद्यार्थी संख्या भएमा साविकको उच्च माध्यमिक तह (हालको ११/१२) को दरवन्दी नगरपालिकाको पुल दरवन्दीमा राखी आवश्यकता अनुसार बढी विद्यार्थी संख्या भएका विद्यालयमा विषय मिलान हुने गरी खटाइनेछ ।

(१९) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगर्ने प्र.अ., शिक्षक, विद्यालय कर्मचारी र वाल विकास शिक्षकलाई जुनसुकै वखत काजमा खटाउने र काजमा खटिएपछि जिम्मेवारीमा पनि हेरफेर गर्न सकिनेछ ।

(२०) सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ को दफा ५(१) र (२) बमोजिम समायोजन एकीकरणको आधारमा आवश्यकता अनुसार तह र विद्यालय स्वत : गाभिने छन् ।

(२१) एउटै विद्यालयमा लगातार ३ वर्ष भन्दा बढी कार्यरत रहेमा सरुवा गर्न सकिनेछ तर अवकाश हुन १ वर्ष मात्र वांकी रहेका शिक्षकहरुलाई सरुवा गर्दा निजको सहमतिमा गर्न सकिनेछ ।

(२२) हाल कायम भएको शिक्षक विद्यार्थी अनुपात भन्दा बढी शिक्षक दरवन्दी स्वतः नगरपालिकाको पुल दरवन्दीको रुपमा रहनेछ । पुलको रुपमा रहेको दरवन्दी नगर शिक्षा समतिको निर्णय गरी जुनसुकै समयमा विद्यार्थी संख्या बढी भएको विद्यालयमा स्थानन्तरण गर्न सकिनेछ ।

(२३) आधारभुत कक्षाको १ देखि ५ सम्म शिक्षक विद्यार्थी अनुपातको आधारमा तथा अन्य कक्षाहरुको हकमा शिक्षक विद्यार्थी अनुपात र विषयगत अधारमा शिक्षक व्यवस्थापन गरिनेछ ।

(२४) प्रस्तावित यस मापदण्ड अनुसार १ देखि ५ सम्म संचालनमा रहेको विद्यालयमा यदि ५० जना विद्यार्थी संख्याको ६० प्रतिशत विद्यार्थी बढेमा थप १ शिक्षकको दरवन्दी थप्न सकिने व्यवस्था गरिनेछ ।

(२५) आधारभुत तह कक्षा १ देखि ५ को आवश्यकता अनुसार गरिनेछ र कक्षा ६ देखि १२ कक्षासम्म अध्यापन गराउने शिक्षकहरुको कार्य सम्पादन मूल्यांकन, विषयगत नतिजा, SEE को नतिजा र कक्षा १२ को कुनै एक नतिजालाई आधारमानी जुनसुकै समयमा सरुवा तथा व्यवस्थापन गर्न सकिनेछ ।

(२६) शिक्षक व्यवस्थापनका लागि स्थायी, राहत र करारका शिक्षकहरुको आवश्यकतानुसार सरुवा गर्न सकिनेछ ।

(२७) सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षक र विद्यालय कर्मचारीको आवश्यकता अनुसार दरवन्दी मिलान र सरुवा गर्न सकिनेछ ।

(२८) दरवन्दी मिलान तथा सरुवा/पदस्थापन भएको वा काजमा खटाईएको शिक्षक कर्मचारी काजमा खटाईएको पत्र नवुझेमा, शिक्षक खटाईएको विद्यालयमा हाजिर नहुने वा नगराउने प्र.अ. एवम् शिक्षक कर्मचारीलाई तलव भत्ता, ग्रेड तथा सेवा सुविधा रोक्का गरी निजलाई प्रचलित ऐन नियम बमोजिम कार्यवाही प्रकृया अगाडी बढाइनेछ ।

४. **जिल्लान्तर तथा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था :**
जिलान्तर तथा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था संघीय ऐन नियम अनुसार हुनेछ ।

५ **नगर शिक्षा समितिबाट स्वीकृत गर्नु पर्ने :**
दफा ३ को मापदण्ड बमोजिम शिक्षा, यूवा तथा खेलकुद शाखाले तयार गरेको शिक्षक सरुवा तथा पदस्थापनको सूची नगर शिक्षा समितिको बैठक समक्ष पेश गर्नु पर्नेछ । नगर शिक्षा समितिबाट स्वीकृत भए पश्चात मात्र सरुवा तथा पदस्थापन कार्यको कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-३

६. **दरवन्दी मिलान क्षेत्र** :

(१) नगरपालिकाले दरवन्दी मिलान गर्दा नगरपालिका भित्रको सबै सामुदायिक विद्यालयको एकै पटक वा आवश्यता अनुसार गर्न सक्नेछ ।

## परिच्छेद-४

७. **विविधः**

(१) कार्यविधिमा भएका वाधा अड्चन फुकाउनु परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।